# युनियन फाइनान्स लिमिटेडको
# विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४/०३/१४ गते)

***श्री शेयरधनी महानुभावज्यूहरु,***

यस युनियन फाइनान्स लिमिटेडको संचालक समितिको मिति २०७४/०३/११ गते बसेको ३०५औं बैठकको निर्णयानुसार यस संस्थाको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा तपसिलका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७४/०३/२९ विहीबार (जुलाई १३, २०१७)
समय : दिनको ११:०० बजे ।
स्थान : नक्साल बैंक्वेट्स, नक्साल, काठमाडौं ।

**छलफलका बिषयहरु :**

**क. विशेष प्रस्ताव :**

(१) युनियन फाइनान्स लिमिटेडलाई देवः विकास बैंक लिमिटेडले प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रस्ताव उपर छलफल गरि पारित गर्ने ।

(२) युनियन फाइनान्स लिमिटेडलाई देवः विकास बैंक लिमिटेडले प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि भएको प्राप्ति सम्बन्धी समझदारीपत्र (MOU), संयुक्त प्राप्ति समिति गठन, प्राप्ति सम्बन्धमा संचालक समिति एवं संयुक्त प्राप्ति समितिले गरेका निर्णयहरु, प्राप्ति गर्ने संस्थाको सम्पत्ति तथा दायित्व मुल्यांकन (DDA) कार्य गर्न नियुक्त लेखापरीक्षक श्री श्याम कार्की एण्ड एशोशियट्स (चार्टड एकाउण्टेण्टस)का प्रोप्राईटर श्री श्याम कार्कीलाई गरेको नियुक्ति र निजको पारिश्रमिक अनुमोदन गर्ने वारे ।

(३) युनियन फाइनान्स लिमिटेडलाई देवः विकास बैंक लिमिटेडले प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि मुल्यांकनकर्ताबाट प्राप्त सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (DDA Report) र युनियन फाइनान्स लिमिटेडलाई देवः विकास बैंक लिमिटेडले प्राप्ति गर्ने सम्बन्धमा भएको अन्तिम सम्झौता (Final Acquisition Agreement) पारित गर्ने वारे ।

(४) युनियन फाइनान्स लिमिटेडलाई देवः विकास बैंक लिमिटेडले प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (DDA Report) समेतका आधारमा युनियन फाइनान्स लि.को १ कित्ता शेयर बराबर देवः विकास बैंक लि.को ०.५० कित्ता शेयर दिने गरी शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) कायम गर्ने प्रस्ताव पारित गर्ने वारे ।

(५) युनियन फाइनान्स लिमिटेडलाई देवः विकास बैंक लिमिटेडले प्राप्ति गर्ने सम्बन्धमा संयुक्त प्राप्ति समितिबाट प्राप्ति कार्य सम्पन्न गर्न र प्राप्ति भए पश्चात बन्ने संस्थालाई आवश्यक पर्ने मानव संशाधन, भौतिक तथा अन्य कार्यहरु गर्न गरेको खर्च, सम्झौताहरु तथा कार्यहरु अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने वारे ।

(६) युनियन फाइनान्स लिमिटेडलाई देवः विकास बैंक लिमिटेडले प्राप्ति गर्न नियमनकारी निकायबाट कुनै पनि बिषयमा संशोधन वा परिमार्जन वा थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नु परेमा वा प्राप्तिसंग सम्बन्धित कुनै पनि बिषयमा आवश्यक निर्णय गर्ने वा कुनै कार्य गर्नु परेमा त्यस्तो निर्णय वा कुनै कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने प्रस्ताव पारित गर्ने वारे ।

संचालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**ख. विविध ।**

**विशेष साधारण सभा सम्बन्धी जानकारीः**

१) सभामा भाग लिने शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भै त्यहाँ राखिएको हाजिर पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि नै खुल्ला गरिने छ ।
२) संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरको हकमा दर्ता कितावमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा संयुक्त शेयरधनीहरुको सर्वसम्मतीबाट आफूहरु मध्ये चयन गरिएको व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न र प्रतिनिधि नियुक्त गर्न र मत दिन सक्नेछ ।
३) सभामा भाग लिन आउँदा शेयरधनी महानुभावले शेयर प्रमाणपत्र वा सोको प्रतिलिपि, हितग्राही खाता (Demat a/c) को विवरण साथमा लिई आउनु हुन अनुरोध छ ।
४) सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले प्रतिनिधि-पत्र (प्रोक्सी) सभा शुरु हुनुभन्दा ३ दिन अगावै कम्पनीको नागपोखरी, नक्साल स्थित केन्द्रीय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । प्रोक्सी ल्याउने व्यक्ति संस्थाको शेयरधनी मध्येबाट नै हुनु पर्नेछ ।
५) नावालक शेयरधनीको तर्फबाट संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता रहेको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि मुकरर गर्न पाउनेछ ।
६) कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने स्वयंले वदर गरेको अवस्थामा वाहेक त्यस्ता सबै प्रतिनिधि पत्रहरु स्वतः वदर हुनेछ ।
७) कुनै पनि संगठीत संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठीत संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नेछ ।
८) विशेष साधारण सभा सम्बन्धी थप जानकारी संस्थाको वेब साईट www.union.com.np मा पनि हेर्न सक्नु हुन्छ ।

**युनियन फाइनान्स लिमिटेड**
**UNION FINANCE LIMITED**

**केन्द्रीय कार्यालय, "सि" एण्ड "डि" ब्लक, पहिलो तल्ला, फोर स्क्वायर कम्प्लेक्स, नारायणचौर, नक्साल, काठमाडौं**
**टेलिफोन नं ४४२७०९१, ४४२९३३७, ४४२४६५४, ४४३५१३३, ४४३६७०३, फ्याक्स : ४४४५४४२**